**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १० नवम्बर २०२५**
**समयः १८.५० - १९:०० बजे**

- मुख्यमन्त्री ममता ब्यानर्जीले आज पैरो अनि बाढी पीडितहरूलाई राहत स्वरूप अनुदान राशी प्रदान गर्नु भयो I
- पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण एसआईआर अभियान अन्तर्गत हिजसम्म ५ करोड १५ लाखभन्दा बढी गणना फारामहरू घर-घरमा वितरण गरिएको छ।
- आगामी १४ नोभेम्बरको दिन सुकुनामा दोस्रो जीटीए स्तरीय प्राथमिक पाठशाला हाजीरी जवाफ प्रतियोगिताको फाइनल सम्पन्न हुने भएको छ I
- जम्मू कश्मीर र हरियाणा पुलिसले एक संयुक्त अभियानमा , फरीदाबादमा विस्फोटक र हथियारहरु बरामद गरेको छ मुख्य आरोपीलाई पक्राउ गरिएको छ।
- भारतीय विभागले आगामी पाँच दिनसम्म पश्चिम बंगालको न्यूनतम तापक्रममा कुनै उल्लेखनीय परिवर्तन नहुने जनाएको छ।

**ममता – उत्तर बङ्गाल**

मुख्यमन्त्री ममता ब्यानर्जी आज उत्तर बंगालको दुई दिवसीय भ्रमणमा सिलगढ़ी आइपुग्नु भयो I यसक्रममा उहाले उत्तर कन्यामा एक प्रशासनिक बैठकमा भाग लिनु भयो I वैठक अवधि उहाले पैरो अनि बाढीले प्रभावित ११ हजार ५ सय ५५ परिवार र गम्भीर रूपमा प्रभावित ३ हजार २ सय ३९ परिवारलाई घर पुन निर्माणका लागि अनुदान प्रदान गर्नु भयो, जसको लागत लगभग १ सय ६१ करोड ३३ लाख रुपैयाँ रहेको छ। यसक्रममा आज उत्तरकन्याको एउटा कार्यक्रममा मुख्यमन्त्रीले दार्जीलिङ्ग पहाडको पहिरो पीडितहरुको घर निर्माणको निम्ति घोषणा गरे अनुसार पिडितहरूलाई 1 लाख 20 हजार रुपिया प्रदान गर्नु भयो। यसक्रममा उहाले सिलगढीमा रिचा घोष क्रिकेट स्टेडियम निर्माण गर्ने घोषणा पनि गर्नु भयो I

***यसका साथै, बाढी र पहिरो प्रभावित दार्जिलिङ, जलपाईगुडी, अलिपुरद्वार र कुचबिहार जिल्लाका ८०७ किसानहरूलाई कृषियोग्य जमिनलाई फेरि खेतीयोग्य बनाउन ४७ लाख रुपैयाँको आर्थिक सहयोग प्रदान गरिएको छ। बाली क्षतिको मूल्याङ्कन पूरा भएपछि बंगला बाली बीमा योजना अन्तर्गत चाँडै क्षतिपूर्ति प्रदान गरिनेछ। यस योजना मार्फत हालसम्म १.१३ करोड किसानले ३,१३८ करोड रुपैयाँको क्षतिपूर्ति प्राप्त गरिसकेका छन्। उत्तर बंगालका ८ जिल्लाका ३ हजार ४ सय ९१ लाभार्थीहरूलाई पट्टा पनि प्रदान गरिएको छ।***

**एसआईआर**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण एसआईआर अभियानले हिज रातिसम्ममा नयाँ रेकर्ड कायम गरेको छ। राज्य मुख्य निर्वाचन अधिकारी कार्यालयले जारी गरेको पछिल्लो तथ्याङ्क अनुसार, हिज राति ८ बजेसम्म राज्यभरि ५ करोड १५ लाखभन्दा बढी गणना फारामहरू घर-घरमा वितरण गरिएको छ। तथ्याङ्क अनुसार शनिबार रातिसम्म ४ करोड १७ लाख फारम वितरण गरिएको थियो भने २४ घण्टापछि हिज रातिसम्म लगभग थप ९८ लाख फारामहरू वितरण गरिएको छ, जसले अभियानको गति र बुथ स्तरीय अधिकारीहरू (BLO) को सक्रिय प्रयासको स्पष्ट संकेत देखिएको छ। हाल राज्यका सबै २ सय ९४ विधानसभा निर्वाचन क्षेत्रहरूमा तैनाथ लगभग ८० हजार ६ सय ८१ बीएलओहरू मतदाताहरूको घर-घरमा पुगेर फारामहरू वितरण गरिरहेका छन्।

**बांग्लादेशी नागरीक पक्राउ**

सीमा सुरक्षा बल (BSF) ले हिजो राति भारत-बंगलादेश सीमामा अवैध बांग्लादेशी नागरिकलाई पक्राउ गरेको छ। उनीहरू दुई भारतीय नागरिकको सहयोगमा अवैध रूपमा सीमा पार गर्न खोजिरहेका थिए भन्ने खबर छ। BSF को 168 औं बटालियनको साहेबगंज दलबाड़ी क्याम्पका सैनिकहरूले गस्तीको क्रममा पाँच जनालाई पक्राउ गरेका छन्। BSF स्रोतका अनुसार पक्राउ परेका व्यक्तिहरूबाट भारतीय पहचान पत्र, नगद राशि र केही शंकास्पद कागजातहरू बरामद गरिएको छ। पुलिसले तीन बंगलादेशी नागरिकहरूलाई अदालतमा पेश गरेको थियो, जहाँ उनीहरूलाई दुई दिनको पुलीस हिरासतमा पठाईको थियो।

**वन्दे मातरम**

देशले आफ्नो राष्ट्रिय गीत, वन्दे मातरमको 150 औं वार्षिकोत्सव मनाईरहेको छ।आज हामी बताईरहेका छौं वन्दे मातरमको भावनाले भारतका सीमाहरु देखि विश्वभरिका क्रान्तिकारीहरूलाई स्वतन्त्र संग्रामको लागि लड्न कसरी प्रेरित गरेको थियो। यसबारे सुन्नुहोस हाम्रा संवाददाताबाट एक रिपोर्ट-

***वन्दे मातरमको जोशिलो नारा भारतको सिमाहरुमा मात्र सीमित थिएन, यसले समुद्र र महाद्वीपलाई पार गर्दै प्रवासी भारतीय माझ देशभक्तिको ज्वाला पनि प्रज्वलित गर्‍यो। 22 अगस्ट 1907 मा, स्वतन्त्रता सेनानी म्याडम भीकाजी कामाले जर्मनीको स्टटगार्टमा विदेशी भूमिमा पहिलो पटक भारतीय तिरंगा झण्डा फहराकी थिईन।यस ऐतिहासिक घटनाले भारतको स्वतन्त्रता आन्दोलनलाई वैश्विक मंचमा प्रदर्शित गर्‍यो। म्याडम कामा र श्यामजी कृष्ण वर्माद्वारा डिजाइन गरिएको ध्वजमा वन्दे मातरम अंकित थियो।त्यसको ठीक दुई वर्षपछि, 1909 मा, क्रान्तिकारी मदनलाल ढींगरालाई ब्रिटिश शासन विरुद्ध उनको कार्यका लागि लन्डनमा फाँसी दिइएको थियो। उनका अन्तिम शब्द थियो"वन्दे मातरम्" थियो।यी शब्दहरूले देशको लागि बहादुरी र बलिदानको शाश्वत सन्देश दिए। सोही वर्ष, पेरिसका भारतीय देशभक्तहरूले वन्दे मातरम् नामक पत्रिका सुरु गरे, जसले विश्वभरि भारतको स्वतन्त्रता र एकताको सन्देश फैलायो।यसपछि, अक्टोबर 1912 मा, गोपाल कृष्ण गोखलेले दक्षिण अफ्रिकाको केप टाउनमा पाइला राखे।जहाँ उनको स्वागत वन्दे मातरमको जयकाराले भव्य जुलुस द्वारा गरिएको थियो र त्यस्तै युरोप देखि अफ्रिकासम्म, "वन्दे मातरम" भारतको संघर्षको मुटुको धड्कन बन्यो। आंनद पाठकका रिपोर्टका साथ समाचार कक्षबाट म अशोक चौरशिया।।***

**हाजीरी जवाफ**

आगामी १४ नोभेम्बरको दिन सुकुनामा दोस्रो जीटीए स्तरीय प्राथमिक पाठशाला हाजीरी जवाफ प्रतियोगिताको फाइनल सम्पन्न हुने भएको छ I यो प्रतियोगिताको छनौट प्रक्रिया गत ४ सितम्बरदेखि गोरुबथान सर्कलबाट शुरु भएर गत २३ सितम्बरको दिन मङपु सर्कलमा समापन भएको थियो । अब १३ वटै सर्कलबाट छनौट भएर आएका ३९ बिध्यार्थीहरुलाई लिएर आगमी १४ नोभेम्बर बाल दिवसको अवसरमा सुकुना उच्चतर माध्यमिक बिध्यालयको परिसरमा दोस्रो जिटिए स्तरिय प्राथमिक पाठशाला प्रश्नोत्तरी प्रतियोगिताको फानल सम्पन्न हुनेछ। यो प्रतियोगिता गत बर्षदेखि गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाको निर्देश अनि डेपुटी चियरमेन एव प्राथमिक शिक्षा बिभागका सभासद राजेश चौहानको पहलमा सुरु गरिएको थियो । प्रतियोगिताको उद्धेश्य सरकारी प्राथमिक पाठशालाका बिध्यार्थीहरुलाई ठलो मंच प्रदान गरेर आफ्नो आत्माविश्वास र बौदिक क्षमता प्रदर्शन गराउनु रहेको बताईएको छ ।

**फरीदाबाद-विस्फोटक**

हरियाणा र जम्मू कश्मीर पुलिसले संयुक्त कार्रवाईमा एक कश्मीरी डाक्टरलाई पक्राउ गरेको छ।फरीदाबादको धौजमा कश्मीरी डाक्टरको घरबाट ठूलो मात्रामा विस्फोटक पदार्थ बरामद भएको छ। डा. मुज्जबल, फरीदाबादको अल फला विश्वविद्यालयमा कार्यरत छन। पुलिस आयुक्त सतेंद्र कुमार गुप्ताले पत्रकारहरूलाई बताएअनुसार पक्राउ पर्दा पुलिसले कश्मीरी डाक्टरको घरबाट 350 किलोग्राम भन्दा बढी ज्वलनशील पदार्थ, कारतूस, म्यागजिन, टाइमर र सर्किट उपकरणहरू बरामद गरेको थियो।उहाँले भन्नुभयो यस कारबाहीमा उत्तर प्रदेशको सहारनपुरबाट थप एक जनालाई पक्राउ गरिएको छ।यो

संयुक्त अपरेशन विगत 15दिनदेखि चलिरहेको थियो र अझै पनि जारी छ।पुलिस आयुक्तले भन्नुभयो प्रारम्भिक जांचबाट यो सञ्जाल अन्तर-राज्यीय स्तरमा सक्रिय रहेको पत्तो लागेको र धेरै संदिग्ध व्यक्तिहरूको पहिचान गरिएको छ।

**राजु विष्ट**

प्रधानमन्त्री कार्यालयबाट जारी एक विज्ञप्तिमा दार्जिलिङ जिल्ला म्याजिस्ट्रेटको कार्यालयले पहिरो पीड़ितहरूको आधिकारिक सूचीका साथ उनीहरूका ब्यांकका बिवरण अनि सहायक कागजपत्रहरू बुझाउन अचाहिँदो ढिल्याइँ गरिरहेको बताइएको छ। दार्जीलिङका सांसद राजु बिष्टले सो बिज्ञप्ति सामाजिक संजालमा साझा गर्नु भएको छ। श्री बिष्टले यस ढिल्याइँको परिणामस्वरूप प्रधानमन्त्री राष्ट्रीय राहत कोष (PMNRF) को माध्यमले अनुग्रह राशिको वितरणको काम रोकिएको बताउनु भएको छ। अक्टोबर ४ र ५ तारिख बीचको भारी वर्षाको कारण दार्जिलिङ क्षेत्रमा विनाशकारी पहिरो अनि बाढ़ीको प्रकोपपछि प्रधानमन्त्री नरेन्द्र मोदीले ०६ अक्टोबर २०२५ मा प्रधानमन्त्री राष्ट्रीय राहत कोषबाट मृतकहरूका लागि २ लाख अनि गम्भीर रूपले घाइतेहरूका लागि ५० हजार अनुग्रह राशि घोषणा गर्नुभएको थियो। सांसदले भन्नुभयो, प्रधानमन्त्री कार्यालय (PMO) बाट एक विज्ञप्ति प्राप्त भएको छ जसमा दार्जिलिङ जिल्ला म्याजिस्ट्रेटको कार्यालयले पीड़ितहरूको आधिकारिक सूचीका साथ उनीहरूका ब्यांकको ब्यौरा अनि सहायक कागजपत्रहरू बुझाउन अचाहिँदो ढिल्याइँ गरिरहेको जानकारी गराइएको छ। सांसदले यसलाई गम्भीर चिन्ताको विषय रहेको बताउनु हुदै प्रधानमन्त्रीको कार्यालयले आधिकारिक रूपमा जिल्लाधिकारीको कार्यालयलाई यस सम्बन्धी जानकारी एक महिनाभन्दा अगावै ०९ अक्टोबरमा पठाएको भए तापनि पीड़ितहरूका आवश्यक विवरणहरू अहिलेसम्म नबुझाइएको बताउनु भएको छ। यसप्रकारको प्रशासनिक ढिलासुस्ती अस्वीकार्य रहेको पनि बिष्टले बताउनु भयो।

**अनित थापा**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापाले आज तीनधारे महानदी समष्टि अन्तर्गत सिविटारको बाघमारा बस्तीमा रहेको झ्याङतेर सामतेलिन छयोलिङ गुम्बामा जारी त्रिपिटक काङ्युर पूजामा सामेल भएर पूजा अर्चना गर्नु भयो । यस अवसरमा उहाले सिविटार बाघमारा बस्ती क्षेत्रका जनसाधारणसित भेटघाट पनि गर्नु भयो । यसक्रममा उहाले जनसाधारणसंग कुराकानी गर्नु हुदै क्षेत्रमा रहेका समस्याहरूबारे जानकारी लिए भने जीटीएको पक्षबाट हुन् सक्ने सहयोग गर्ने आश्वाशन पनि दिनु भएको छ I

**मौसम**

भारतीय विभागले आगामी पाँच दिनसम्म पश्चिम बंगालको न्यूनतम तापक्रममा कुनै उल्लेखनीय परिवर्तन नहुने जनाएको छ । विभागका अनुसार, आगामी सात दिनसम्म राज्यमा मौसम सुख्खा रहनेछ। एमआईडी बुलेटिनले आज हिमालय पर्यटकीय गन्तव्य दार्जिलिङ राज्यको सबैभन्दा चिसो ठाउँ रहेको बताएको छ, जहाँ न्यूनतम तापक्रम १० डिग्री सेल्सियस रेकर्ड गरिएको छ। यसरी नै कालेबुङमा १७ डिग्री सेल्सियस तापक्रम रेकर्ड गरिएको छ।

**असमबहु-विवाह**

असमका मुख्यमन्त्री हिमन्त विश्व सरमाले भन्नुभएको छ राज्य मन्त्री-मंत्रिमंडलले बहु-विवाह माथि प्रतिबन्ध लगाउने विधेयकलाई मंजूरी दिईको छ। यो विधेयकले कुनै पनि व्यक्तिलाई त्यस्तो व्यक्तिसँग विवाह गर्न निषेध गर्दछ जसको पहिले नै जीवित जीवनसाथी छ र कानुनी रूपमा अलग भएको छैन, वा जसको पछिल्लो विवाह सम्बन्ध विच्छेद अर्थात तलाकको आदेशद्वारा भंग भएको छैन। मुख्यमन्त्री सरमाले भन्नुभयो असम बहुविवाह निषेध विधेयक, 2025 25 नोभेम्बरमा विधानसभामा पारितको लागि पेश गरिनेछ। मुख्यमन्त्रीले भन्नुभयो यदि कुनै व्यक्ति बहुविवाहको दोषी ठहरिएमा उसलाई सात वर्षको जेल सजाय हुन सक्छ। उहाँले दोषी व्यक्तिलाई तुरुन्तै पक्राउ गरिने र तुरुन्तै जमानत नमिल्ने बताउनुभयो।